# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७५

गाउँकार्यपालिका बाट स्वीकृत मिति : २०७५/०८/०९

१. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र समाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,सिप,क्षमता र अनुभवको सदुपयोग गरि निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुबिधाको उचित व्यवस्थापन गरी नेपालको संबिधानको अनुसुची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र बितरण निर्देशिका २०७५, जारी गरिएको छ ।

२. परिचय-पत्र वितरणका आधार :

नेपालको संबिधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६४ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नगरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. **लक्षित बर्ग** : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी बर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. **ज्येष्ठ नागरिकको वर्गीकरण** :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्योष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक ,

ख) सत्तरी वर्ष उमेर पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्योष्ठ नागरिक,

घ) अशक्त ज्योष्ठ नागरिक,

६. **परिचय-पत्र बितरणका मापदण्ड** :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्योष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

नरबहादुर पुन
अध्यक्ष

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा** : ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मनी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्रप्त गर्न साठी बर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्ने छ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्रप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्ने छ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९. विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने छ ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

नरबहादुर पुन
अध्यक्ष

अनुसूची १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

## ज्येष्ठ नागरिक परिचय-पत्र

प.प.नं. :-

फोटो

नाम थर : ..........................................................

ना.प्र.नं.: ............................

ठेगाना : जिल्ला ................................. गा.पा.: ...................... वडा नं. : ................ टोल/गाउँ : ...................

उमेर : .......................... लिङ्ग : ..........................

उपलब्ध छुट तथा सुविधाहरु : ...............................................................................

पति/पत्नीको नाम : .........................................................................................................

हेरचाहा केन्द्रमा बसेको भए सोको विवरण : ................................................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नं. : ..............................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम : .....................................................

.....................................................................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

नरबहादुर पुन
अध्यक्ष